मानववादी समाज (सोच) नेपाल
Society for Humanism (SOCH) Nepal
dedicated for humanism committed for better world
DAO/K Regd No: 390/063
SWC Affiliation No: 21259/063
PAN: 302694404
GPO Box 670 Baneshwor, Kathmandu, Nepal • Phone: 4497168 • Email: sochnepal@gmail.com • www.sochnepal.org

मितिः २०६९ चैत्र ४

# प्रेस विज्ञप्ति

कुरीतिजन्य हिंसाविरूद्ध सशक्त आवाज उठाउन सम्बद्ध व्यक्ति तथा संस्थाका बीच सहकार्य गर्नुको विकल्प नरहेको कुरामा जोड दिएका छन् । मानववादी समाज (सोच) नेपाल र राष्ट्रिय महिला आयोजको संयुक्त आयोजनामा काठमाडौमा आयोजित दुई दिने कुरीतिजन्य हिंसाविरूद्धको कार्यक्रमका सहभागीहरूले उक्त कुरा बताएका हुन् ।

कार्यक्रममा सोच नेपालका कार्यकारी निर्देशक उत्तम निरौलाले छिमेकी देशहरूका तुलनामा नेपालको महिला अधिकार सम्बन्धी कानून सशक्त रहेको बताउनुभयो । साथै उहाँले महिलाविरूद्ध हुने हिंसाविरूद्ध आवाज उठाउन सक्ने वातावरण कसरी सिर्जन ागर्न सकिन्छ त्यसतर्फ सबैको ध्यान जानु जरूरी रहेको पनि बताउनुभयो ।

नेपाल प्रहरीको महिला तथा बालबालिका सेवा केन्द्रमा कार्यरत डीएसपी रन्जु सिग्देलले नेपाल प्रहरीको स्थापना नै सत्य सेवा सुरक्षणम भन्ने रहेको भए पनि पीडितले निर्धक्कसँग आफूलाई परेको पीडा बताउन सक्ने वातावरण सिर्जना अझै सकिएको छैन भन्नुभयो । साथै उहाँले मानव बेचबिखन तथा जबर्जस्ती करणीका मुद्दा समेत सार्वजनि अपराध ऐन अन्तर्गत चलाउनु पर्ने स्थिति हामीकहाँ लामोसमयसम्म रहेको पनि बताउनुभयो । उहाँले अगाडि भन्नुभयोः हाम्रो प्रहरी कार्यालयमा अहिलेसम्म अपराधीलाई राख्ने ठाउँ चाहिं बनाइएको छ तर पीडितलाई राख्ने छुट्टै ठाउँचाहिं बनाउन सकिएको छैन ।

अर्का वक्ता फ्रिडम फोरमका अध्यक्ष तारानाथ दाहाल हुनुहुन्थ्यो । दाहालले महिला हिंसा बढ्नुको पहिलो कारण नै महिला हकसम्बन्धी पर्याप्त सूचना दिन नसकिएकाले हो भन्नुभयो । उहाँले प्रस्तुतिका क्रममा आफ्नो सरोकारको सूचना लिन र जान्न पाउने हक सबै नागरिकलाई उत्तिकै छ भन्ने नजानेकाले यस्तो हुन गएको पनि बताउनुभयो । ठूलो कारण चाहिं नेपाली समाजमा विद्यमान मौनता र अपारदर्शी व्यवहार नै हो भन्नुभयो ।

नेपाल मानवअधिकार आयोगका निर्देशक सुवर्ण कर्माचार्यले मानवअधिकार मानिस गर्भमा रहे देखि मृत्युपर्यन्त रहने अधिकार हो भन्नुभयो । यसबाहेक मानवसमाजमा गरिने दैनिक व्यवहार र धर्मको अपव्याख्याले गर्दा कुरीतिजन्य महिला हिंसा बढिरहेको बताउनुभयो ।

सूचनाको हकका लागि नागरिक अभियानका कार्यकारी निर्देशक टंक अर्यालले स्रोत साधन र महिला तथा आधारभूत मानवअधिकारबारे पर्याप्त सूचना वा जानकारी नभएकाले कुरीतिजन्य हिंसा बढिरहेको बताउनुभयो ।

राष्ट्रिय महिला आयोगका सदस्य मोहना अन्सारीले कुरीति जन्य हिसा बढ्नुमा सामाजिक संरचना जिम्मेवार रहेको बताउनुभयो । आयोगले एक्लै सबै कुरा हेर्न नसक्ने भएकाले नै विभिन्न संघसंस्था र निकायहरूसँग सहकार्य गर्दै अघि बढेको बताउनुभयो ।

राष्ट्रिय महिला आयोगका सदस्य मोहना अन्सारीको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा कुरीतिजन्य हिंसाबाट पीडित २० लगायत ७३ जनाको उपस्थिति रहेको थियो ।